# द्वन्द्वको अवसान उपन्यासमा सीमान्तीयता

सीता अधिकारी थापा

उपप्राध्यापक
नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल
Email: adhikari.sitath@gmail.com

DOI: https://doi.org/10.3126/dristikon.v10i1.34587

**लेखसार**

यस लेखमा सीमान्तीयताका आधारमा राजेश्वर देवकोटाद्वारा लिखित चर्चित *द्वन्द्वको अवसान* उपन्यासको प्रमुख चरित्र राधेयको अध्ययन गरिएको छ । विश्वसाहित्यमा सीमान्तीयताको आधारमा साहित्यको सांस्कृतिक अध्ययन र ऐतिहासिक पुनर्व्याख्या गर्ने प्रचलन दोस्रो विश्वयुद्धपछि सुरु भएको र सन् असीको दशकदेखि सवाल्टर्न अध्ययनको रूपमा चलेको हो भने नेपाली साहित्यमा पनि यसको प्रचलन विस्तार हुँदै गरेको अवस्था देखिन्छ । दोस्रो विश्वयुद्धपछिको विश्वमा हरेक मानव समाजसम्बद्ध विषय क्षेत्रलाई हेर्ने नवीन चिन्तन तथा दृष्टिकोणको विकासविस्तार भएसँगै साहित्य समालोचनामा उत्तरसंरचनावादी उत्तरआधुनिक चिन्तनका रूपमा सीमान्तीयताको आवाज पनि प्रबल बन्दै गएको हो । व्यक्ति, जाति, लिङ्ग, वर्ग, रङ, समुदाय, क्षमता, पृथकता, क्षेत्रआदिसँग सम्बद्ध पक्षहरू सीमान्तीयताभित्र पर्दछन् । समाजव्यवस्थाका अवयवहरूद्वारा निर्मित विभेदकारी सामाजिक सांस्कृतिक संरचनाहरूले सीमान्तीयको निर्माणमा अहम् भूमिका खेलेको देखिन्छ भने उपनिवेशको विस्तारवादी साम्राज्यवादी प्रभुत्ववादी चरित्रले ती वर्गका इतिहास, संस्कृति, पहिचानका सङ्केतहरू नै कतिपय अवस्थामा विलुप्तप्रायः बनाइएको देखिन्छ । हरयुगमा आवाजविहीन बनाइएका, पहिचानविहीन भएर दबाइएका, राज्य संयन्त्रमा प्रतिनिधित्वबाट वञ्चित, पहुँचविहीन, सामर्थ्यहीन भई समाजमा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक रूपले मूलधारबाट वहिष्करणमा परेका बहुसङ्ख्यक मानिसहरू सीमान्त वर्ग भएकाले उनीहरूको इतिहासको पुनर्लेखन हुनुपर्छ भन्ने मान्यता सीमान्तीय अध्ययनको अवधारणा हो । यस लेखको उद्देश्य मूलतः सीमान्तीयताका सैद्धान्तिक आधारहरूको पृष्ठभूमिमा रहेर द्वन्द्वको अवसान उपन्यासको मुख्य चरित्रनायक राधेयकर्णको सीमान्तीय अध्ययन विश्लेषण गर्नु रहेको छ ।

*शब्दकुञ्जी* : सीमान्तीय अध्ययन, सामाजिक संरचना, वर्गीय विभेद, प्रतिरोध, लैङ्गिकता, वर्चस्व, पहिचान, वहिष्करण, औपनिवेशिक ।

## विषय प्रवेश

आधुनिक साहित्यको गद्याख्यान क्षेत्रमा चर्चित व्यक्तित्व राजेश्वर देवकोटा (वि.सं.१९८६-२०७२) को द्वन्द्वको अवसान वि.स.२०४२ मा प्रकाशित औपन्यासिक कृति हो । प्राचीन पौराणिक महाकाव्य महाभारतको पुनराख्यान गरिएको यस मिथकीय उपन्यासमा उपन्यासकारले सूत्रात्मक तरिकाले सम्पूर्ण अठार दिने महाभारत युद्धको चित्रण गरेका छन् । पूर्वीय काव्यपरम्पराको सबैभन्दा ठूलो आर्षमहाकाव्य र लामो ऐतिहासिक गाथा बोकेको प्राच्यग्रन्थ महाभारतमा आर्यव्रत क्षेत्रका आर्यहरूको जीवन संस्कृतिमा केन्द्रित रहेर अन्य समुदायहरूको जीवनपद्धतिका विविधतापूर्ण आयामलाई पनि चित्रित गरिएको छ । त्यसैले मानवजीवन जगत्का अनेक आयामलाई समेटिएको लोकप्रिय ग्रन्थ महाभारतलाई तत्कालीन युग र जीवनको बारेमा अत्यन्त गहकिलो सूचनास्रोत मानिनुका साथै पहिलेदेखि नै धार्मिक महत्तायुक्त हिन्दू समाज र संस्कृतिमा निर्देशक आदर्श र पवित्र ग्रन्थ मानिने प्रचलन छ ।

समालोचक वासुदेव त्रिपाठीका अनुसार महाभारतको महत्तालाई यसरी प्रष्ट्याइएको छ :"रामायणसँगै भारतवर्षीय वाङ्मयमा चिरकालदेखि उपजीव्य ग्रन्थका रूपमा रहेको महाभारत भारतवर्षको पुराण, इतिहास, स्मृति, धर्म, दर्शन आख्यान, काव्य, आदिको अनुपम विश्वकोश हुन आएको छ (त्रिपाठी, २०६३, पृ. ट) । यसलाई आधार बनाएर अहिलेसम्म विभिन्न विधामा हजारौं सिर्जनाहरू रचिएका र यसले बोकेको विशिष्ट साहित्यिक सौन्दर्यात्मक गुणवत्ता, विशिष्ट वैचारिक दृष्टिकोण आदिका विविधता एवम् आयामगत व्यापकता तथा गहनताका कारण विद्वान्हरूले यसलाई तत्कालीन भारतवर्षको वास्तविक ज्ञानकोश भनेका छन् । मानव ज्ञानको स्वर्णिम र अनुपम उपलब्धि मानिएको महाभारतमा धर्म, विज्ञान, राजनीति, अर्थनीति, दर्शन, नैतिक आचरण नियमकानुन लगायतका विषयहरू संश्लिष्ट रहेको ग्रन्थमा पाण्डब र कौरब पक्षका दाजुभाइबीच राज्य (अंश) सत्ता सङ्घर्षको विषयलाई लिएर चलेको पारिवारिक द्वन्द्व र भीषणयुद्धको घटना वर्णित छ । यस ग्रन्थभित्र उल्लिखित प्रसङ्गहरू अध्ययन गर्दा यसले द्वापर युगको समग्र मानव जातिको इतिहासमाथि प्रत्यक्ष असर पारेको मात्र नभई यसले युगीन वीभत्स नरसंहारकारी घटनाको उदाहरणसहित कैयौंलाई सीमान्तीय अवस्थामा पुऱ्याएको गम्भीर खोजको विषय छ । त्यसैले अब प्राचीनताको ऐतिहासिक दस्ताबेज, उत्प्रेरणा र आदर्शको महान् स्रोत मात्र होइन, षड्यन्त्र र विनासको कथा पनि मानिदै आएको महाभारतको अध्ययन विश्लेषण विविध चिन्तनसहित नवीन कोणबाट हुनु पनि अत्यावश्यक देखिन्छ ।

विवेच्य यस द्वन्द्वको अवसान (२०४२) उपन्यासको बारेमा कृष्णहरि बराल र नेत्र एटमले उपन्यास सिद्धान्त र नेपाली उपन्यासमा 'महाभारतको कर्णसित सम्बन्धित भीष्म पितामहको अहम्को पुनर्व्याख्या गर्ने मिथकको भिन्न कोणबाट गरिएको प्रस्तुति हो'(बराल र एटम, २०५५, पृ. १६०) भनेको देखिन्छ । मान्छेले आर्जन गरेका अनुभूतिले संरचनात्मक स्वरूप पाउँदा साहित्य सिर्जना हुन्छ भन्ने मत सांस्कृतिक अध्ययनका थालनीकर्तामध्येका एक रेमन्ड विलियम्सले प्रस्तुत गरेका छन् । यसमा उपन्यासकार देवकोटाले महाभारत अध्ययनबाट ओझेलमा पारिएका घटना चरित्रलाई प्रकाशमा ल्याई नवीन औपन्यासिक दृष्टिकोण स्थापित गरेका छन् । मूल नायकका रूपमा राधेय कर्णलाई केन्द्रमा राखेर उसकै परिधिमा अन्य घटना र पात्रहरूको चरित्रचित्रण गरिएको छ । आयाममा संक्षिप्तताभित्र वैचारिक गहनता यस उपन्यासको वैशिष्ट्य पनि हो । जन्मले कौन्तेय भए पनि परिबन्धले राधेयका रूपमा पालितपोषित कर्ण कसरी कुन्तीपुत्र पाण्डबका परम शत्रु कौरबको परम मित्र बन्न पुग्यो भन्ने केन्द्रीय कथ्यमा यो उपन्यास संरचित छ । राज्याधिकार र सत्तासङ्घर्षको निर्णायक द्वन्द्वमा पाण्डब कौरबबीच कुरा नमिलेको, कृष्णले राधेयको शक्ति सामर्थ्य बुझेर उसलाई कौरब पक्षबाट पाण्डव पक्षमा मिलाउने अनेक प्रयत्न गरेको, दुर्योधनप्रतिको मित्रता र वचनमा कटिबद्ध उसलाई अन्तिम अवस्थामा कुन्तीपुत्र भएको जानकारी गराई कृष्णले समग्र राज्यको प्रलोभन दिएर पनि दुर्योधनसँग अलग्याउन नसकेको, सत्य र धर्मका लागि भनेर कुरूक्षेत्रको भूमिमा भएको युद्धमा बारम्बार छलकपट गरेर निशस्त्र पारी कर्णलाई मारिएको, मित्रताको अनुपम नमूना पेस गरेको मृत कर्णलाई दुर्योधनले आफ्नो आधा राज्यको राजा घोषणा गरेको, युद्धका मूलभूत मान्यताको उलङ्घन गरी महाविनाशसहित पाण्डवले युद्ध जितेका तर सत्यवादी भनिएका युधिष्ठिरले समेत झुटको सहारा लिनु परेको र अन्त्यमा कर्ण कुन्तीको जेठो छोरा भएको रहस्यको पर्दाफासपछि युधिष्ठिरले आफ्नो दाजु मारेकोमा पश्चाताप गरी मरणोपरान्त कर्णलाई सम्पूर्ण भारतवर्षको राजगद्दीका राजा घोषित गरी नैतिक रूपमा हार स्वीकारेर कर्णलाई प्रतिष्ठापित गरिएको प्रसङ्गलाई यस उपन्यासमा अत्यन्त नवीन दृष्टिकोणसहित स्वाभाविक चित्रण गरिएको छ ।

लघु आयामको सूत्रात्मक *द्वन्द्वको अवसान* उपन्यास पात्रहरूको उपस्थितिका दृष्टिकोणबाट पनि विविधतायुक्त छ । यस उपन्यासको प्रारम्भमा राष्ट्रकवि तथा नेपाल प्रज्ञा प्रतिष्ठानका तत्कालीन उपकुलपति माधवप्रसाद घिमिरेको मन्तव्यमा उल्लेख भए झैं महाभारत कुरूवंशी (पाण्डव र कौरव) र तिनका पक्षधरहरूको जातीय जीवनको गाथा पनि हो र वैदिक युगपछिको युगको महागाथा पनि हो । त्यसैले नै यस महाकाव्यका पात्रहरू जति धेरै छन्, त्यति नै जीवन्त पनि छन् (घिमिरे, २०४२) भन्ने भनाइ अत्यन्त सान्दर्भिक देखिन्छ । महाभारतका प्रत्येकजसो चरित्रको ऊ आफैंले भोगेको जीवनबाट विकसित भएको व्यक्तित्व छ । यसमा प्रत्यक्ष र सूच्य रूपमा महाभारतमा वर्णित रहेका विभिन्न महिमाशाली तथा सीमान्तीय पात्रपात्राहरू प्रयुक्त छन् । विवेच्य यस द्वन्द्वको अवसान उपन्यासलाई सीमान्तीयताको आधारमा हेर्दा यसमा जातीय, लिङ्गीय, वर्गीय रूपमा धेरै सीमान्तकृत पात्रहरूको उपस्थिति भएपनि यसको केन्द्रीय पात्रका रूपमा जीवित या मृत दुवै अवस्थामा राधेय कर्ण नै रहेको छ । यसकारण यहाँ राधेयकर्णको विविध कोणबाट सीमान्तीय अध्ययन गरिएको छ ।

**समस्या कथन**

साहित्यमा समाजका विभिन्न किसिमका चरित्रहरूको प्रतिनिधित्व हुने सन्दर्भमा तिनीहरूलाई अनेकौं विशेषताका आधारमा वर्गीकरण गरी अध्ययन विश्लेषण गर्न सकिन्छ । सीमान्तीय मान्यताका आधारमा राधेयकर्णको चरित्र उपयुक्त भएकाले यस लेखमा द्वन्द्वको अवसान उपन्यासको केन्द्रीयतामा रहेर निम्न समस्याहरूका बारेमा छलफल गरिएको छ :

- द्वन्द्वको अवसान उपन्यासमा सीमान्तीयताका के कस्ता मुख्य अभिलक्षणहरू भेटिन्छन् ?
- राधेयकर्णलाई सीमान्तीय चरित्रका रूपमा पुष्टि गर्न सकिने आधारहरू केके हुन् ?

**उद्देश्य कथन**

उपर्युक्त समस्याकथनमा उल्लिखित समस्याहरूमा केन्द्रित रहेर समाधान खोज्नु नै प्रस्तुत लेखको मूल उद्देश्य रहेको छ । जसमा :

- द्वन्द्वको अवसान उपन्यासमा प्रस्तुत सीमान्तीयताका मुख्य अभिलक्षणहरू खोज्नु,
- कर्णलाई सीमान्तीय चरित्रका रूपमा पुष्टि गर्नु,

**अध्ययन विधि**

माथि उल्लेख गरिएका समस्याका समाधानका लागि राजेश्वर देवकोटाकृत द्वन्द्वको अवसान उपन्यासलाई मुख्य प्राथमिक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । यसका लागि आवश्यक अन्य सीमान्तीयता सम्बन्धी सैद्धान्तिक पुस्तक तथा लेख रचनाहरूलाई द्वितीयक सामग्रीका रूपमा पुस्तकालयीय विधिको प्रयोग गरी सामग्रीको व्याख्या विश्लेषण गर्दै गुणात्मक विधिबाट निष्कर्षमा पुग्ने पद्धतिको अवलम्बन गरिएको छ ।

**सैद्धान्तिक अवधारणा : सीमान्तीयताको आधार**

सीमान्तीयको अर्थ सामाजिक, आर्थिक, राजनीतिक एवम् अन्य पहुँचको केन्द्रभन्दा पर रहेका सर्वसाधारण मानिस, अवस्था, वर्ग वा समूह हो । सांस्कृतिक अध्ययन अन्तर्गत पर्ने सीमान्तीय अध्ययनमा यिनै सीमान्तकृत वर्गका आवाजलाई, उत्पीडनका अवस्थालाई साहित्यमा के कसरी अभिव्यक्त गरिएको छ भन्ने विषयमा अन्तरअनुशासनात्मक पद्धतिबाट अध्ययन विश्लेषण गरिन्छ । मानवसमुदायको विकासको इहिासमा केही निश्चित

विजेता शासक/ प्रभुत्ववादीहरूले हरेक ठाउँमा पकड जमाई आफूलाई स्थापित गर्न सफल भएका छन् भने अधिकांश मानिस वा समुदाय समयको गर्तमा त्यत्तिकै विलीन भएका छन् भन्ने कुरा अनेकौं सभ्यताको विकास र पतनका घटनाले प्रष्ट पार्छन् । मार्क्सवादले उत्पादन र श्रमसँग जोडेर वर्ग संरचनाको द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणले विश्लेषण गरेको छ । समाजको सामाजिक संरचनाको निर्माण वर्गीय स्वरूपको चरित्र भएकाले यसका हरेक सरोकारवाला संस्थामा कोही प्रभुत्वशाली हुने र कोही सीमान्तकृत बन्ने अवस्थाको लामो श्रृङ्खला परम्परादेखि नै कायम देखिन्छ । यसो हुनाले परिवार, समूह, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत व्यापक सीमान्तको अवधारणा विद्यमान देखिन्छ भने लिङ्ग, जातजाति, वर्ग, भाषा, धर्म, उमेर, वर्ण, क्षमता, पृथकता, विचार, जीवनदर्शन लगायतका विविध आधारमा बहुसङ्ख्यक मानिस सधैँ सीमान्तकृत अवस्थामा छन् ।

एकातिर शक्तिशाली मुलुकहरूले उपनिवेशको विस्तारसँगै त्यहाँका मानिसहरूमा आफ्नो प्रभुत्व वा हैकम कायम राखेर कैयौं समय शासन गर्दा अधीनस्थमाथि विभिन्न प्रकारका उपकरणहरूमार्फत सत्ता र शक्ति आफ्नो कब्जामा पारी भौतिक एवम् मनोवैज्ञाविक तबरले त्यहाँका बासिन्दाको ठूलो हिस्सालाई दास वा गुलाम बनाएको देखिन्छ । अर्कोतिर शासकवर्गले मात्र होइन, यो श्रृङ्खलालाई अन्य संरचनाबाट पनि निरन्तरता दिंदै आमसर्वसाधारणलाई यसरी नै कज्याएको सवत्र उदाहरणहरू छन् । सर्वशक्तिमान्हरू वा विजेताको मात्र इतिहास लेखिने परम्पराले  बहुसंख्यक मानिसको इतिहास सधैँ बिलुप्त रहेको तथ्यलाई मध्यनजर राख्दै मूलतः दक्षिण एसियाली भारतका नवमार्क्सवादी तथा नवइतिहासवादीहरूले उत्तरऔपनिवेशिक मान्यताका रूपमा सीमान्तीय अध्ययनलाई विशेष जोड दिन थालेका भएपनि अहिले यस अध्ययनको विश्वव्यापी प्रभावक्षेत्र विस्तार भइरहेको छ । सामाजिक शोषण दमनका अवशेषका विरोधमा दबिएका मानिसहरूको आवाजलाई साहित्यमा के कसरी उठाइएको छ र ऐतिहासिक पहिचान, वर्गीय, जातीय, लैङ्गिक एवम् प्रतिनिधित्व र वर्चस्वका हिसाबले पछि पारिएका वा दबाइएका व्यक्ति वा समूहका बारेमा केकसरी बोलिएको छ प्रतिरोधको अवस्था कस्तो छ भन्ने सीमान्तीय अध्ययनले हेर्दछ ।

सीमान्तीयताको प्रश्न साहित्यको समाजशास्त्रसँग प्रत्यक्ष जोडिएको विषय पनि हो । साहित्यको समाजशास्त्रका जन्मदाता अगस्ट कोम्ते हुन् (सुवेदी, २०७३, पृ. २५७) । समसामयिक साहित्य समालोचना क्षेत्रमा व्यापक प्रचलित सीमान्तीय अङ्ग्रेजीको सवाल्टर्न शब्दको नेपाली रूपान्तरण हो । सवाल्टर्न ल्याटिन भाषाबाट बनेको शब्दको प्रथम प्रयोग सोह्रौं शताव्दीतिर भएको हो तापनि तल्लो वर्गका लागि सवाल्टर्न प्रयोग गर्ने इटालेली स्वतन्त्र मार्क्सवादी चिन्तक एन्टिनियो ग्राम्सी हुन् जसले मुसोलिनीको जेलभित्र आफू कठोर यातनासहित रहँदा प्रभुत्व वा हेजेमोनीका सन्दर्भबाट निम्न उत्पीडित तथा निमुखा वर्गको चर्चा गर्ने क्रममा साङ्केतिक शब्द सवाल्टर्न वा सीमान्तकृतको व्याख्या गरेका छन् (शर्मा, २०७०, पृ. ३१६) । सवाल्टर्न अध्ययन समूह बनाएर सन् १९८२ देखि इतिहासका प्राध्यापकहरूले अक्सफोर्ड विश्वविद्यालयबाट थालनी भई इतिहास अध्ययनसँगै सवाल्टर्नमा केन्द्रित आन्दोलनकै रूपमा अघि बढेको हो । तेस्रो विश्व खासगरी भारतीय समाज र इतिहासलाई केन्द्रविन्दु बनाएर रन्जित गुहाको नेतृत्वमा दीपेश चक्रवर्ती, गायत्री स्पिभाक चक्रवर्ती, पार्थ चटर्जी लगायतका भारतीय मूलका विद्वान्हरूद्वारा बेलायतबाट सुरु गरिएको हो । इतिहास तलबाट पुनर्लेखन गरिनु पर्ने मान्यता तथा विविध दृष्टिकोण र व्याख्यासहित सवाल्टर्न अध्ययन विस्तारित बनिरहेको परिप्रेक्ष्यमा वरिष्ठ समालोचक मोहनराज शर्माले नेपालीमा सवाल्टर्नको पर्यायवाची अवरजन शब्दको प्रयोग गर्दै त्यसलाई परिभाषित गर्ने क्रममा अधीनस्थ, अशक्त, आवाजहीन, इतिहासविहीन, उत्पीडित, उपेक्षित, गरिब, निमुखा, दबिएको, दमित, दलित, निर्धो, शासित, श्रमिक, सर्वहारा, सीमान्तकृत आदि उल्लेख गरेका छन् (शर्मा, २०७०, पृ. ३१५) । देवकोटाले औपन्यासिक कृति द्वन्द्वको

अवसानमा सबैथरिका पात्रहरू प्रयुक्त गरेपनि विविध दृष्टिकोणबाट सीमान्तीय कित्तामा रहेका तर भूमिकाको हिसाबले अत्यन्त जीवन्त पात्रलाई महत्त्व दिएका छन् । आख्यान विधाको महत्त्वपूर्ण उपकरण/तत्त्व पात्र या चरित्रका क्रियाकलापका माध्यमबाट आख्यानको कथानक गतिशील बन्ने र त्यसबाट द्वन्द्वसमेत पैदा भई मानव पात्रका माध्यमबाट उपन्यासको कथ्य र द्वन्द्वले विकसित हुने अवसर पाउँछ । मोहनराज शर्माले हेपिएका दबाइएका सीमान्तीय पात्र, समूहलाई अवरजनको संज्ञा दिँदै उनीहरूले इतिहासमा भन्दा बढी स्थान (स्पेस) साहित्यमा पाएको विचार व्यक्त गर्दै कृतिको अवरजन अध्ययन गर्ने प्रक्रियाका रूपमा आधारभूत केही प्रश्नको उत्तर खोजीलाई महत्त्व दिएका छन् (शर्मा, २०७०, पृ. ३२२) । तर सबाल्टर्न अध्ययनलाई नै राजेन्द्र सुवेदीले समाजव्यवस्थाका सीमा र परिधि तोकेर मान्छेलाई खण्डीकरण गर्ने अलग समूहको खण्डमा विभेदित गर्ने अनि तात्विक सीमामा रहन नदिई निर्मित सीमामा सीमान्तीकरण गरिएकाले त्यस्ता समूहको अध्ययनलाई सीमान्तीय अध्ययन भनेको बुझिन्छ (सुवेदी, २०७३, पृ. २३४) । कार्ल मार्क्सले समाजका हरेक प्रकारबाट उपेक्षित रहेका समुदायलाई उत्पीडित वर्ग सम्बोधन गरेका तल्लो वर्गका, अन्य, सर्वसाधारण अर्थ बुझाउने राज्यको मूलधार सत्ताशक्ति र वर्चस्वको केन्द्रभन्दा बाहिर भन्ने सीमान्तकृतको परिभाषासँगै सबाल्टर्न अध्ययनले समाजविकास र इतिहास निर्माणमा उनीहरूले खेलेको भूमिकालाई प्रकाशमा ल्याउने काम गरेको हुन्छ । नारीको महत्ता र मातृशक्तिको महिमागान गरी सम्मान गरेजस्तो भावले सांस्कृतिक बिम्ब चित्रित गर्न पनि पितृसत्ताले छोडेको छैन । पुरुष सत्ताको प्रभुत्व रहेको समाजमा सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक लैङ्गिक, वर्गीय, जातीय यस्ता निर्मित विभेदका विरूद्ध नारीहरू एवम् उत्पीडितहरूले लगातार सङ्घर्ष गरिरहनु परेको छ । कतिपय यस्ता विरोधाभासपूर्ण सन्दर्भ र व्यवहारहरूको माध्यमबाट समाजमा पिछडिएका, सीमान्तकृत तल्लो वर्गलाई अधीनस्थ बनाउने रणनीतिक प्रयत्न शासन सत्ताले शदियौंदेखि गरिआएको र सफल पनि भएको छ । नेपाली साहित्यसमालोचनामा सीमान्तीयताको अवधारणाले पचासको दशकदेखि मात्र चर्चा पाएको भएपनि पूर्वआधुनिक र आधुनिककालदेखि नै साहित्यमा ती वर्गसमुदायको विभिन्न रूपमा चित्रण गरिएको पाइन्छ ।

## छलफल तथा विश्लेषण

### कर्णको परिचय

यहाँ विवेचना गर्न लागिएको व्यक्तिपात्र कर्ण *द्वन्द्वको अवसान* नामक उपन्यासको प्रमुख/ केन्द्रीय चरित्र नायक हो, जो महाभारतमा वर्णित भएअनुसार राजकुमारी कुन्तीले कुमारी अवस्थामै सूर्यदेवसँगको समागमबाट जन्माएको तेजस्वी बालक हो । जन्मनासाथ आमाबाट परित्यक्त ऊ क्षत्रीय कुलको भइकन पनि उसले विपन्न सूतपुत्रका रूपमा आफ्नै अदम्य लगन र पौरखबाट निर्माण गरेको व्यक्तित्व नै अन्य उच्च जातिका जन्मजात कुलीनताको विरासत पाएका व्यक्तिहरूका निम्ति ठूलो चुनौती भइदिन्छ । कृष्णबाट आफ्नो जन्मको रहस्य थाहा पाएर पनि कौन्तेय होइन राधेयकै रूपमा चिनिन गौरवबोध गर्ने ऊ अदम्य साहस, वीरता, धैर्यता र इमानदारिताको प्रतिमूर्तिका साथै सारथिको पुत्र र दुर्योधनको मित्र हो । वास्तवमा महाभारत युद्धमा राज्यसत्ताको विषयभन्दा पनि महत्त्वपूर्ण कर्णको व्यक्तित्व बनिदिएकाले सबै नामुद महारथीहरू ईर्ष्यालु बनेर के कसरी हुन्छ उसलाई आफूपट्टि मिलाउने प्रयत्नमा वा उसको व्यक्तित्वलाई हियाएर कसरी गिराउने भन्ने ध्याउन्नमा लागेका उदाहरण प्रशस्त छन् । समालोचक बासुदेव त्रिपाठीकै शब्दमा भन्नुपर्दा कर्ण समाजमा विभिन्न कारणले सीमान्तीय बनाइएका उपेक्षितहरू उठ्न सक्छन् र स्थापितहरूको हाराहारीमा पुग्न सक्छन् भन्ने सङ्कल्पको प्रतिमूर्ति पनि हो (त्रिपाठी, २०६३, पृ. ट) । आफ्ना वंशज पाण्डवहरूलाई सियोको टुप्पोजति शासनसत्तामा अंश नदिने र युद्ध गर्न चाहने,

राज्यका मामलामा महाहठी दुर्योधनले उसलाई सानै भएपनि अङ्गराज्यको राजा बनाई राजाको दर्जा दिएको र कुरूक्षेत्रको युद्धमा सबैभन्दा बढी महत्त्व दिएको कुराले कर्णको क्षमता पुष्टि गरिदिएको छ ।

बहुल पात्र प्रयुक्त उपन्यासमा केवल प्रमुख चरित्र कर्णमा केन्द्रित रहेर अध्ययन गरिएको छ । सीमान्तीयताको अध्ययन बहुविषयात्मक वा अन्तरविषयात्मक अध्ययन पनि भएकाले सीमान्तभित्र पनि विभेदमा परेका समाजका बहुल क्षेत्रलाई समेटिएकाले कुनै एउटा मात्र आधारमा गरिने विवेचना एकाङ्गी हुने भएकाले रचनाको समग्र पक्षलाई समेट्न सकिन्न । सीमान्तीयता छुट्याउने आधारहरू विभिन्न भए पनि यस अध्ययनमा पात्रका वर्गीय, जातीय र लैङ्गिक आधारलाई मुख्य मानिएको छ । समाजको राज्य व्यवस्थाले, जातीय व्यवस्थाले, आर्थिक अवस्था, वर्गीय कारणबाट पनि कर्ण कसरी सीमान्तीय/उत्पीडित पात्र हो भन्ने आधारहरू प्रस्तुत गरिएको छ ।

**वर्गीय आधारमा राधेय कर्ण**

राधेयकर्ण जन्म र कर्मले उच्च तर सामाजिक स्तर र मान्यताका दृष्टिले निम्न वर्गीय पुरुषपात्र हो । प्राचीन कालदेखि नै वर्गीय स्वरूपको सामाजिक संरचना रहेको तथा त्यसमा पनि सत्ता र शक्तिमा सीमित वर्गकै वर्चस्वको प्राधान्यता देखिने भएकाले जबसम्म समाजमा वर्गको अस्तित्व रहन्छ तबसम्म त्यहाँ वर्गीय द्वन्द्वको अवस्था पनि कायमै रहन्छ । सौन्दर्यशास्त्री चिन्तक चैतन्यका अनुसार *वर्ग समाजमा हरेक मानिसका विचार र भाव वर्गीय नै हुन्छन् । सत्य, प्रेम, मानवता र नैतिकता जस्ता कुरा पनि वर्गीय नै हुन्छन्* (ज्ञवाली, २०७३, पृ. ३६३) भन्ने विचार द्वन्द्वको अवसान उपन्यासका हरेक पात्रमा उत्तिकै सान्दर्भिक रहेका छन् । साहित्य मानवीय चेतना र सामाजिक यथार्थको प्रतिबिम्बन पनि भएकाले तत्कालीन समाजको वास्तविकताको स्पष्ट स्वरूप ती रचनाकृतिमा पाइनु स्वाभाविक मानिन्छ । एकातिर पाण्डव कौरवजस्ता जन्मजात कुलीन, प्रभुत्वशाली शासक, उच्च वर्गका पात्रहरू अनगिन्ती छन् र उनीहरू आपसमा के कसरी शक्ति हत्याउने भन्ने दाउमा निर्लिप्त छन् जो निहित स्वार्थका लागि निम्न वर्गलाई प्रलोभनमा पारी कसरी फकाउने, लडाउने र फुटाएर प्रयोग गर्ने भन्ने कोसिसमा हरदम षड्यन्त्ररत देखिन्छन् भने अर्कातिर शासनसत्तासँग कुनै सरोकार नराख्ने शासित, शोषित, उपेक्षित कर्णजस्ता सर्वसाधारण पात्र पनि छन् जो प्रत्यक्ष परोक्ष आफ्नै वर्गशत्रुका प्रयोगका वस्तु बनिरहेको पत्तै पाउँदैनन् ।

राधेयकर्ण सीमान्तकृत पात्र हो किनभने ऊ तत्कालीन समाजमा अत्यन्त तल्लो वर्गको मानिने गरिब सूत जातिको सइसका घरमा पालितपोषित छ । पूर्वीय वर्णाश्रम व्यवस्थाले वर्गीकरण गरेको जातिगत श्रेणीकरण ब्राह्मण, क्षेत्री, वैश्य, शूद्रजस्ता विभाजनले रङ्गको विभेदकतालाई जातीय सीमान्तीयतामा धकेलिदिएको हुन्छ (सुवेदी, २०७३, पृ. २३४) । मानव समुदायमा आर्थिक तथा जातिका आधारमा निर्धारण गरेको कृत्रिम सीमाले उसलाई त्यस व्यवस्थामा पृथकताको वा विभेदीकरणको आभास गराउने हुनाले उसमा छुट्टै चिन्तनको निर्माण र विकास हुन्छ । कर्णको सन्दर्भमा भन्नुपर्दा ऊ सूर्यदेव र राजकुमारी कुन्तीको पुत्रका रूपमा जन्म लिए पनि विभेदपूर्ण समाजव्यवस्थाको संरचनाअनुसार कुमारी आमाको नाजायज सन्तान समाजमा अस्वीकार्य हुने डरले तथा आमाले पनि सामाजिक लोकलाजबाट आफू बच्न तथा परिवारलाई बचाउन नवजात शिशुलाई सुरक्षित तबरले नदीमा बहाइदिएको र उसलाई सूतदम्पतिले भेट्टाएर पालेको कथा महाभारतमा वर्णित छ ।

सामाजिक, सांस्कृतिक, राजनीतिक रूपमै वर्गीयतालाई शोषणको हतियार बनाउने समाजबाट अपहेलित गरिब सूतपुत्र कर्णलाई त्यस वर्गीय सामन्ती व्यवस्थाका प्रतिनिधिहरू कसले मात्र शोषण गरेन, धुतेन, ठगेन र ? चाहे आफ्नै जननी हुन् वा परमावतार भनिने कृष्ण या कपटी धूर्त शकुनी होस् कि देवराज भनिने कायर इन्द्र अथवा समग्र हस्तिनापुर जस्ता सामन्ती शोषक राज्यव्यवस्थाका पहरेदार अवयवहरू सबैले सकेसम्म एक्लो

कर्णलाई रित्याउञ्जेल लुटे । मानिसको सामाजिक पहिचान मानिने कुल, गोत्र, वंश परम्परा, अधिकार सबैथोकबाट वञ्चित पारिएको ऊ दुर्नियतिले गर्दा जन्मनसाथ आफ्नै जन्मदाता आमाबाट फालिन्छ र निच कुलमा पालिन्छ । कृष्णले कर्ण पाण्डवहरूको जेठो दाजु भएको वास्तविकता थाहा पाएर पनि पाण्डवका स्वार्थका लागि लुकाएर पछि यो रहस्य कर्णलाई पाण्डवका लागि लड्न फकाउने अस्त्रको रूपमा प्रयोग गर्छन् । त्यतिबेला राधेयको जीवनले भुइँचालोको अनुभव गर्नु परेको र अन्तिम अवस्थामा आएर सत्य सुन्नुपर्दाको अवस्था र स्वार्थी समाजप्रतिको आक्रोसपूर्ण अभिव्यक्ति हेरौं : *त्यस समाजमा एउटा शिशुले आमाको काखमा बस्न पाएन, त्यसै समाजमा त्यसै आमाको छोरो भएका कारणले मात्र सम्राटको स्थान पाउनेछु ?* (२) । यसले आमाबाट सन्तान परित्यक्त बनाई अपहेलित पार्ने सामाजिक व्यवस्था र आमाकै नामबाट सत्ताको लोभ देखाउने द्वैध विरोधाभाषी चरित्रलाई अङ्कित गरेको छ । भगवान् भनिने कृष्णका माध्यमबाट सामान्य व्यक्तिका कमीकमजोरीमा टेकेर शक्तिशालीहरूले सत्तासम्बन्ध र शक्तिसङ्घर्षमा खेल्ने घतलाग्दो उक्ति : *एउटा मनुष्यले अर्को मनुष्यमा कुनै कमी, त्रुटि या अवगुण भेटेन भने उसले त्यहाँ आफ्नो सत्ता कसरी कायम गर्न सक्छ र ! यस्तो स्थितिमा राज्य सत्ताकै उदय हुन सक्दैन भने कौरवहरूले आफ्नो राज्य थामिरहन राधेयजस्तो व्यक्तित्वलाई नखसाली के सम्भव होला !* (७) ।

सीमान्तकृतमाथिको सत्ता राजनीतिको झनै कुरूप पाटो भीष्मले आफ्नो सेनापतित्वमा एक साधारण योद्धाका रूपमा समेत राधेयको उपस्थिति नरूचाएको घटनाले दर्शाउँछ भने मानवीय संवेदनाको समेत ख्याल नराखी उसमाथि जातीय लाञ्छनाका अनगिन्ती प्रहारहरू भएका छन् । यो सबै आफ्नो शासकीय वर्चस्व कायम गर्न राज्यव्यवस्थाले सिर्जना गरेको चरम विभेदपूर्ण अवस्थाको सङ्केत पनि हो । जात ढाँटेको भनेर गुरु भार्गवद्वारा रिसले श्राप दिनु, निच कुलको भनेर अर्जुन लगायत पाण्डवहरूबाट बारम्बार उपेक्षित बन्नु, कृष्णको प्रपञ्चमा अर्जुनलाई युद्ध जिताउन कर्णका रक्षाकवच स्वर्णकुण्डल इन्द्रद्वारा धुतिनु, कुन्तीको छोरो भनेर जानेपछि भीष्मले धरि बेइजति गर्नु, अन्त्यमा युद्धमा कृष्णले छल गरेर निःशस्त्र पारी अर्जुनद्वारा घातक प्रहार गराई मारिनुका पछाडि तथाकथित उच्च वर्गको अहम् वर्गीयताको कारक छ । यस्ता घटनाले राधेयमाथि भएका वर्गीय अन्याय र जातीय शोषणको परिणति पनि महाभारत युद्धको कारक भएको देखाउँछन् किनभने कर्णको चेतनाले आफूमाथिको विभेदपूर्ण व्यवहारको प्रतिशोध चाहेकाले ऊ अत्यन्त खराब भन्ने जान्दाजान्दै पनि बाध्य भएर आफूलाई सम्मान दिने दुर्योधनको साथ मृत्युपर्यन्त छोड्दैन । हुनत दुर्योयनले पनि सूतपूत उसलाई त्यत्तिकै अभिन्न मित्र स्वीकारेर अङ्ग देशको राजा बनाएको त कहाँ हो र ! राधेयको सौर्यता, इमानदारिता, त्याग, वीरता र निष्ठाका कारण हस्तिनापुरको सुरक्षा गर्न एवम् पाण्डवसँग टक्कर गर्न सक्ने व्यक्तित्व भएकाले दरबारमा राधेयले प्रवेश पाएको हो । ग्राम्चीले सवाल्टर्न भन्नाले गैरशासकीय, अहैकमवादी वर्ग वा समुदायलाई जनाउँछ जो सधैं अधीनस्थ, पराधीन हुन्छन् र उनीहरू शासकको प्रयोगको वस्तु पनि बन्न पुग्छन् भने झैं दुर्योधनले राधेयलाई आफूसँग राख्नुको कारणबाट कर्ण त्यस्ता प्रयोग हुने वर्गको एक प्रतिनिधि पात्रका रूपमा आएको छ जसलाई समाजको उत्पीडन र स्वजनको अपहेलनाको तीखो सुइरोले रोपेको हुनाले सीमान्तीयताको तीब्र अनुभूतिले छट्पटाएको ऊ त्यसको प्रतिशोध लिन आफ्ना आदर्श र वचनबद्धतामा कायम रहँदै सारा प्रलोभन त्यागेर जीवन उत्सर्ग गर्न कटिबद्ध देखिन्छ । आफैं पुरुषार्थ गर्न खोज्दा पनि बारम्बार नीच कुलको भनेर कर्कश निन्दा सुन्नु परेको अवस्थामा उसको सीमान्तीय आवाज "उच्च कुलमा जन्मिनु मानिसको आफ्नो अधीनमा नभए पनि पौरखी बन्नु आफ्नै अधीनमा छ" भनी बोल्छ । मानवोचित गुणयुक्त कर्णमा रहेका केही असाधारण विशेषताले उसलाई अरूभन्दा अलग बनाएका कारणले कर्ण जता लाग्छन्, युद्ध उसैले जित्छ भनेर कृष्ण, युधिष्ठिर, भीष्मजस्ता महापुरुषहरू पनि

भयग्रस्त रहेको उदाहरण भीष्मको भनाइमा : *आफूभन्दा बलवान्लाई नीतिज्ञले न आफ्नो मित्र बनाओस्, न त शत्रु पक्षमा नै मिल्न देओस्* (८) ।

उत्पीडित वर्गीय पात्र राधेयकर्ण वास्तवमा महाभारतको इतिहास निर्माणमा सक्रिय भूमिका खेल्ने अत्यन्त महत्त्वपूर्ण व्यक्तिमध्येको एक हो, हुनत त्यहाँ कैयौ योद्धा वीरहरू पनि इतिहासका पानाबाट विलुप्त भएका छन् । कर्णको उपस्थितिलाई यस उपन्यासमा एउटा विशिष्ट उद्देश्य स्थापनाका लागि गराइएको हो । उसले आफ्नो स्वार्थका लागि कहिल्यै कुनै कुरा गरेन, गऱ्यो त केवल आफ्नो टक्करको वीरसँग युद्ध लडेर जीवनको अभीष्ट पूरा गर्ने काममात्र । कायर भएर हारेर बाँच्नुभन्दा वीर भएर साहसपूर्वक लडी मृत्युवरण गर्ने योद्धाको वीरताको कदर गर्दै उपन्यासकारले उसको त्यागी, निस्वार्थी, इमानदार वीर योद्धाको इतिहासलाई मेटिन नदिई जीवन्त राखेर भावी पुस्तालाई सम्झाउनु पर्छ भन्ने हेतुले कर्णलाई उपन्यासको उदात्त नायक बनाएर प्रस्तुत गरेका छन् । यसकारण साज्यसत्ताका केन्द्रीय संरचनाबाट किनारीकृत गरिएका तल्लोवर्ग विशेषको प्रतिनिधित्व गर्ने राधेयकर्णको चरित्रलाई वर्गीय चरित्रका रूपमा लिइन्छ ।

**लैङ्गिक आधारमा कर्ण**

पितृसत्ताको सबैभन्दा खतरनाक विभेदक दमनकारी चरित्र लैङ्गिक विभेद हो जुन सीमान्तीयताको चरमोत्कर्ष रहेको तथ्य यसका विरूद्ध संसारभर उठिरहेको आन्दोलन एवम् विरोधले प्रष्ट्याउँछ । लैङ्गिक आन्दोलन राजनीतिक अधिकारबाट सुरु भएर अहिले यसले हरेक विषय क्षेत्रमा उपस्थिति जनाइरहेको पाइन्छ । प्रकृतिका दुई किसिमका लिङ्गीय संरचना रहेको मानिन्छ तर अहिले नारी पुरुषको जैविक संरचनाबाहेक अर्कोथरि तेस्रो लिङ्गी, समलिङ्गी संरचना पनि अस्तित्वमा आइरहेका छन् । समाज विकासको चरणसँगै नारी र पुरुषका तात्विक भिन्नताका अन्य आधारहरू लैङ्गिक निर्मित गरिए र नारी भनेका महिला, दासी, कमजोर, उपभोग्यवस्तुका साथै सन्तानोत्पादनका साधनमा सीमित राख्ने तथा नारीमाथि हैकम राख्ने प्रभुत्वशालीका अनेक शास्त्रीय भाष्यहरू तयार पारियो । प्राचीन पूर्वीय चिन्तनमा नारी पुरुषबीचका विभेदका अनगिन्ती सामाजिक संरचना विद्यमान रहेको परिप्रेक्ष्यमा मानवजीवनका आदर्श मार्गनिर्देशक सिद्धान्तका दरिला आधार मानिदै आएका प्रसिद्ध रामायण, महाभारतजस्ता धर्मग्रन्थमा पनि विविधतायुक्त लैङ्गिक विभेदक अवधारणा र पात्रहरूको उपस्थापन गरिएका छन् । समयसान्दर्भिक ढंगले तिनको विस्तृत खोजी तथा अध्ययन, विश्लेषण र पुनर्व्याख्या गरिनु पर्दछ ।

संख्यात्मक हिसाबले द्वन्द्वको अवसानमा कुन्ती, राधेय पत्नी, दुर्योधनकी पत्नी आदि थोरै नारीपात्र र अन्य धेरै पुरुष पात्रहरू उपस्थित छन् । लैङ्गिक आधारमा शोषित उत्पीडित बनेका दृष्टिकोणबाट नारी पात्रहरूको बेग्लै अध्ययन गर्न सकिन्छ तर यहाँ केवल कर्णमा केन्द्रित रहेर अध्ययन गरिएको छ । लैङ्गिक अधिकारको दृष्टिबाट हेर्ने हो भने यहाँ एउटी नारी कुन्ती महिलाको मातृत्वको अधिकारबाट वञ्चित भई पितृसत्तात्मक समाजव्यवस्थाको चरम विभेदको सिकार बनेकी छ भने एउटा निर्दोष बालक कर्ण आफ्नो पहिचान र ममताको हकबाट वञ्चित भएको पाइन्छ । जन्मिने बित्तिकै आमाबाट परित्यक्त बन्न विवश उसको बाल्यकाल तथा समग्र जीवन नै अत्यन्त सङ्घर्षमय देखिन्छ ।

लैङ्गिक आधारमा अध्ययन गर्दा कर्ण स्वयम् समाजमा आधिपत्य कायम गरेर युगौंदेखि बसेको पितृसत्ताको प्रतिनिधित्व गर्ने पुरुष पात्र हो तर पनि ऊ आफैं लैङ्गिक रूपमा सीमान्तीय पात्रको उदाहरण हो भन्ने प्रशस्त आधार भेटिन्छ । किनभने देवताको रूपमा पूजिने सूर्य र राजपरिवारकी कन्या कुन्तीको छोरो भएर कौन्तेयका रूपमा जन्म लिएर पनि सूतपत्नी राधाको नामबाट राधेयकर्ण सम्बोधित भई चिनिनु पर्दाको उसको मानसिक पीडा अदृश्य छ तापनि उसले त्यसलाई हृदयदेखि नै स्वीकार गरेको छ : *कलमी लगाएको बिरूवामा*

*फलेको फलबाट उसको नाम बोध हुन्छ न कि उसको मूलबाट* (३) । त्यसैले कृष्णले उसको जन्मको रहस्य खोल्दै तिमी कुन्तीको छोरा हौ र युद्ध जितेपछि समग्र राज्यको उत्तराधिकारी हुनेछौ भन्दा पनि उसमा त्यस्तो कुनै परिवर्तन आएको देखिन्न । ऊ आफ्नो जाति र पहिचानमा गर्व गर्दै भन्छ : *म सवारको छोरो, राधेयको नामबाट चिनिइसकें । मेरा सम्बन्धहरू त्यसैअनुसार स्थापित भइसके, मेरा संस्कार त्यसैअनुसार सम्पन्न भइसके । अब म कौन्तेय कहलाउन चाहें भने म एक नक्कली प्राणी हुनेछु* (३) ।

यसबाट सामाजिक संरचनाको पितृसत्ताको लैङ्गिक विभेदको जाँतोमा शदीयौंदेखि नारीहरू हरतरहले पिसिदै सीमान्त बन्दै आएका छन् भने यसबाट कतिपय पुरुष स्वयम् पनि पिल्सिरहेका एक उदाहरण कर्ण हुन् । त्यसैले समाजका अधिक समुदाय नै उत्पीडित बनिरहेका हुनाले लैङ्गिक सीमान्तीय अवस्थाबाट मुक्तिका लागि समाजमा एक्लाएक्लै होइन सामुहिक आवाजसहित मिलेर लड्नुको विकल्प नरहेको निष्कर्ष निस्कन्छ ।

**जातीय आधारमा कर्ण**

द्वन्द्वको अवसानमा पूर्वीय वर्णाश्रमले निर्धारण गरेका ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र जस्ता वर्ण र जाति व्यवस्थाका प्रतिनिधि पात्रहरूको उपस्थिति रहेको छ । कृष्ण, पाण्डव कौरव लगायतका क्षत्रियहरू आफ्नो उच्च शासकीय अहङ्कारले मदोन्मत्त झैं देखिएका अवस्थामा आफ्नो जातीय धर्म छोडेर द्रोणाचार्य, अश्वत्थामा जस्ता ब्राह्मण प्रतिनिधिहरू युद्धमा दुर्योधनलाई सघाइरहेछन्, जातकै कारण स्वयम् कर्णकै गुरु भार्गव ऊदेखि रूष्ट छन् र पख्लास् भनी धम्क्याउँछन् । वास्तवमा कर्ण महाभारतको यस्तो पात्र हो, जसको जीवन विडम्बनाले घेरिएको र आफ्नै मानसिक द्वन्द्वमा अल्झिरहेको छ । उसको जन्म समाजको उच्च कुलीन मानिने वर्गकी नारी कुन्तीका कोखबाट सूर्यवंशी क्षत्रियका रूपमा भयो तर लोकापवादका कारण जन्मनासाथ परित्यक्त हुन पुगेको उसको पालनपोषण एक तथाकथित तल्लो जात मानिएको सूतका घरमा हुन गयो । सूतपुत्रका रूपमा उसले कथित उच्च जातबाट पाउनुसम्मको अवहेलना र तिरस्कार झेलेको छ, जुन हजारौं वर्षअघिको महाभारतकालीन समाजमा मात्र होइन, आजको एक्काइसौं शताब्दीको उत्तरार्धको अत्याधुनिक समयको समाजव्यवस्थामा पनि विश्वभर जीवितै रहेको छ । राज्यव्यवस्थाका हरेक संरचनामा एकलौटी वर्चस्व भएका आर्यजातिमा पनि उपल्लो मानिने वर्गको हेपाइ र दमनमा तल्लो जात र अनार्यहरू उपेक्षित भई पिल्सिनु आश्चर्यको विषय रहेन । कर्णले आफ्नो बलबुताले जुन व्यक्तित्व खडा गऱ्यो, त्यो उच्चकुलीन शासकवर्गका लागि असह्य भइदियो । मानिस जातले होइन; कर्मले उच्च हुन्छ भन्ने यथार्थभावलाई उपन्यासकार देवकोटाले कर्णकै चरित्रमार्फत पुष्टि गरेका छन् ।

यसबाट स्वाभाविक प्रश्न उठ्छ के मानिसको पहिचानको मूल आधार जात नै हो त ? समग्रतामा हेर्दा जातीय व्यवस्था समाजमा सधैं शक्तिहीन निमुखाहरूमाथि उत्पीडनको प्रमुख कारक बनेका दृष्टान्त यत्रतत्र पाइन्छ । उपन्यासकै प्रसङ्गमा हेरौं न, शस्त्रविद्याका लागि सम्पूर्ण क्षमता हुँदापनि कर्णले तल्लो जातका कारण शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्था आएपछि जात ढाँटेर ब्राह्मण भनी शिक्षा लिएर निपूण भएको छ । तर पछि गुरु भार्गव कर्णको काखमा निदाएको बेला कर्णलाई कुनै कीराले टोक्दा गुरुको निन्द्रा भङ्ग नहोस् भनी दंश सहन गरेको सप्रमाण देख्दा पनि रिसाएर "तैले जात ढाँटिछस्, ब्राहमणले यसरी दंश सहन गरिरहन्न, अवश्य तँ क्षत्रिय हुनुपर्छ । जात ढाँटेको फल पाउलास्" (४७) भनी श्राप दिएको प्रसङ्गबाट यो जातव्यवस्था सदैव विभेदकारी उत्पीडनको साधन हो भन्ने छर्लङ्ग हुन्छ ।

युद्ध सकिएपछि स्वाभाविक रूपमा राजगद्दी र श्रीपेचको हकदार बनेको युधिष्ठिर जीवित रहुञ्जेलसम्म अधम कुलको भनेर सधैं हेय दृष्टिभाव राखेको राधेयकर्णलाई मरणोपरान्त उच्च चरित्रको वीर ठान्दै ऊप्रति

सम्मानले नतमस्तक भएर आफ्नो सट्टामा सम्पूर्ण राज्यको राजा घोषणा गरेका छन् :“म त्यससित डराउँछु....म उच्च कुलको अधम, ऊ अधम कुलको उच्च ! कुल र जातले के गर्छ ? (७७) । अन्त्यमा आमा कुन्तीले महाराज युधिष्ठिरलाई कर्णको लास देखाएर तिम्रो दाजुको विधिवत् संस्कार गर भनेपछि झन् पश्चातापमा परेका उनले धर्मयुद्ध भनी थालिएको महाभारत युद्ध निरर्थक नबनोस् भनी कर्णको आदर्श कायम राख्न उसलाई विशिष्ट दर्जामा राखे “*पूज्य कर्ण ...यस आर्यवर्तीय पुण्यभूमि भारतवर्षका राजा तिमी हौ” (७८)* ।

माथिका उद्धरणबाट प्रष्टिन्छ कि जन्मदा जातविहीन भएर जन्मिने मानिसको संसारमा पहिलो चिनारी नै मान्छेको रूपमा हुन्छ । मूलतः मान्छेको पहिचान भनेकै मान्छे हुनु हो र असल कर्मले मानिस भएर चिनिनु हो, अन्य सबै गौण हुन् । तर मानिस यस्तै कुराको पछि लागेर समाज भाँडिरहेछन्, द्वन्द्व र अशान्ति बढाइरहेछन्, सीमान्त वर्ग झन् उत्पीडनमा परिरहेछन् । कुलघरान, जातपात, वर्ग, धर्म, उचनिच जेजति आधार बनाइएका छन्, ती केवल समाजमा सीमित वर्गले आफ्नो सामाजिक, राजनीतिक वर्चस्व कायम गर्न बनाइएको मानिस मानिसबीचको विभाजनकारी विभेदकारी नियम हो । परिवर्तनशील समयमा यस्ता जड नियमहरू मानिसकै विरूद्धमा महाभारत निम्त्याउने र विषालु जातीय द्वन्द्वको आगो ओकल्ने प्रतिरोधको कारक बनिरहेको तर्फ सचेत हुनु उत्तिकै आवश्यक हुन्छ । आखिर मानिस प्रकृतिको एउटै समान सिर्जना भएकाले जातीयताका आधारमा गरिने उत्पीडन, शोषण, दमन, अन्याय अत्याचारको जड नै समूल नष्ट पारी सीमान्तीयताको रेखा नामेट पार्न उत्प्रेरित गर्नुपर्छ ।

**वर्चस्व/प्रभुत्वको आधारमा कर्ण**

शक्ति र सत्तामाथिको वर्चस्वले प्रत्येक सामाजिक संरचनामा अत्यन्त ठूलो भूमिका खेलेको हुन्छ । महाभारतकालीन समाज विभिन्न ससाना क्षेत्रीय राज्यहरूमा विभाजित, एकले अर्कोसँग युद्ध गरी आफ्नो वर्चस्व वा अधीनमा राख्ने अथवा विजेताको आधिपत्य स्वीकार्न बाध्य बनाइने महाभारत युद्ध नै केवल सत्तासङ्घर्ष र त्यसमाथि पाण्डव कौरवबीच वर्चस्वका लागि रचिएको षड्यन्त्र र युद्ध भएको तथ्य छर्लङ्ग छ । एकातिर हस्तिनापुरको सिंहासनमा दुर्योधन विराजमान भएपछि पाण्डव पक्षले पनि आफ्नो अधिकार खोज्नु र राज्य भागबण्डा लगाउने वस्तु नभएकाले सियोको टुप्पोजति पनि राज्य दिन्नँ भन्ने दुर्योधनको हठवादी चरित्रले पाण्डवहरू अधिकारका लागि लड्न वाध्य थिए । महाभारत युद्धलाई धर्मयुद्ध भनिए पनि निश्चय नै यो पाण्डब कौरवबीचको अहम्को सत्तास्वार्थका लागि भएको लुछाचुँडी थियो । अर्कोतिर आफ्नो जीवनको सम्पूर्ण समय भारतवंशको उन्नयन र संरक्षणमा समर्पित गरी राजगद्दीबाट निष्पृह रहने भीष्म पितामह तथा राज्याधिकारी हुने वास्तविकताको जानकारी पाएर पनि जीवनकालमा सम्पूर्ण भारतवर्षको राज्याधिकारको प्रलोभन इन्कार्ने कर्णजस्ता उच्च आदर्शवादी योद्धा पनि थिए । धर्मका आडमा आफ्नो देवत्वको उच्चता, महत्ता र गरिमा कायम राख्न युद्धका लागि पाण्डव कौरव दुवैलाई षड्यन्त्र र कुटिलताले उत्तेजित पार्ने कृष्ण अनि शकुनिजस्ता चरित्र, समाज र आफ्नै सन्तान पाण्डवका नजरमा आफ्नो सम्मान गिर्न नदिने उद्देश्यका लागि आफ्नै कोखको पहिलो सन्तान कर्णको परित्याग गर्ने कुन्तीमा पनि वर्चस्वको चरित्र हाबी देखिन्छ । शासन, सत्ता, पद प्रतिष्ठा, धनसम्पत्ति मात्र होइन अर्को मानिस वा वर्गसमुदायमाथि आफ्नो वर्चस्व कायम राख्न विविध हतकण्डा अपनाउने हरेक मनुष्यको स्वभावगत विशेषता पनि हो ।

द्वन्द्वको अवसानमा सबै पात्रका आफ्नै स्वार्थ र उद्देश्यले प्रेरित भए पनि त्यसका मूल केन्द्रमा वर्चस्वको चरित्र देख्न सकिन्छ । कृष्णलाई आफ्नो दैवीय शक्तिको सर्वोच्चता देवत्व कायम गर्नुछ, युधिष्ठिरलाई धर्मराज कहलाउनु छ, पाण्डवहरूलाई आफ्नो अपराजेय शक्तिको प्रदर्शन गर्नुछ, अर्जुनलाई सर्वश्रेष्ठ धनुर्धर प्रमाणित हुनुछ

भने कर्णलाई पनि अर्जुनसँग आफ्नो शक्ति दाँज्नु छ, दुर्योधन जुनसुकै तरिकाबाट पनि अखण्ड राज्यको राजा कायम रहनु छ, कुन्ती पञ्चपाण्डवको जितका लागि कर्णकै बली चढाएर पनि राजमाताको आसनमा आरूढ हुन तत्पर छ, अरूको त कुरै छोडौं, जीवनको उत्तरार्धमा रहेका बृद्ध भीष्म पनि आफ्नो वर्चस्वका लागि "नलडीकन राधेयलाई परास्त गर्नु र लडेर पाण्डवहरूलाई परास्त गर्नु" आवश्यक सोच्छन् भने उनकै अर्को उक्तिले वर्चस्वलाई मानवीय प्रवृत्तिका रूपमा पनि अथ्याएको छ :

> *पाण्डव कौरव....यी न्याय, अन्याय, पाप र धर्मका विवादमा अल्झिएका छन् । जुन आधिपत्य मैले कमाइदिएँ त्यस भौतिक सम्पत्तिमा भागबण्डा नमिलेर भारतवर्षमा न्याय अन्याय , पाप र धर्मको कथारम्भ भएको छ ।* (६५)

> *समाजमा उपेक्षित रहेको व्यक्तिमा उपेक्षा गर्नेसित लड्ने स्वाभाविक इच्छा भइसकेको छ । स्वार्थले प्रेरित नभई मनुष्यले कर्म गर्दैन । मलाई यो समाजले अन्याय गरेको छ, मलाई पाण्डवहरूले हीन कुलको भनेर दुत्कारेका छन् । त्यसको प्रतिकार गर्नु मेरो पहिलो स्वार्थ छ । (४२)*

जब शासनसत्ता शक्ति धर्म वा अन्य जुनसुकै आडमा पनि समाजमा प्रभुत्व जमाएर त्यसका माध्यमबाट सीमान्तवर्गमाथि उत्पीडन थोपरिन्छ भने त्यसको प्रतिकारमा आवाजहरू क्रमशः उठ्दै जान्छन् भन्ने सङ्केत यी कर्णका प्रतिरोधी अभिव्यक्तिहरूमा प्रष्ट छ । उसको अभीष्ट नै आफूप्रतिको अन्यायको, तिरस्कारको बदला लिने देखिएकाले कर्ण प्रभुत्वको विरोधी एक प्रतिरोधी पात्र हो ।

**लेखकीय दृष्टिकोण**

यस द्वन्द्वको अवसान उपन्यासका लेखक राजेश्वर देवकोटा मूलत वैचारिक उपन्यासकार हुन् । उनले यस उपन्यासमा इतिहासमा कम महत्त्व पाएको उपेक्षित चरित्रलाई नायक बनाएर एउटा नवीनतम विचारको प्रतिपादन गरेका छन् । उपन्यासका धेरै ठाउँमा मननयोग्य उत्कृष्ट विचार प्रकट गरिएका छन् । मानिस स्वयम्मा विशिष्टि प्राणी भएकाले उसले देवता वा अरू कसैको कठपुतली बनेर होइन, आफूमा रहेको आत्मविश्वास, दृढ सङ्कल्प र स्वाभिमानले बेग्लै परिचय स्थापित गर्दै युगौंसम्म प्रेरणादायी बन्न सक्दछ भन्ने उदाहरण बनाएर उनले आफ्नो लेखकीय विचार राधेयकर्णमार्फत प्रस्तुत गरेका छन् :

> "*म यस युगका लागि जन्मिएको होइन, यस युगका लागि भए म जन्मिदै राजकुमार जन्मिनुपर्ने, सुनको थालमा भात खाने भएर जन्मिनुपर्ने, ठूलो जातमा जन्मिनुपर्ने । म यस द्वापरको एक व्यङ्ग्य हुँ, जन्मिन त म यसै जन्मिएँ तर जन्मिएपछि फ्याँकिएँ, म युगान्तरका सन्ततिका लागि समात्ने एक सानो तृण हुन चाहान्छु तर यस विकृत युगको विकृत समाजको राजा हुन चाहान्नँ" । (१२)*

समाजका उत्पीडित र ओझेलमा परेका मानिसलाई जगाउँदै आफ्ना लागि स्वयम् लड्न उसका कार्यले युगौंसम्म उत्प्रेरक भूमिका खेल्न सकोस् भन्ने लेखकीय दृष्टिकोण पनि हो ।

**निष्कर्ष**

उपन्यासकार राजेश्वर देवकोटाले यस द्वन्द्वको अवसान उपन्यासमा पूर्वीय चर्चित पौराणिक ग्रन्थ महाभारतको मिथकीय विषयवस्तुलाई लिएर त्यसलाई समकालीन युगीन चेतनाअनुरूप प्रस्तुत गरेका छन् । हरेक युग र समाजमा संरचनात्मक स्वरूप, मानिसका जीवनदर्शन, चेतना, मूल्यमान्यता फरक रहेपनि त्यसमा पाइने साझा विशेषताका केही उदाहरणहरू वर्गीय, जातीय, लैङ्गिक एवम् वर्चस्वका विविधता हुन् । सीमान्तीयताको

मुद्दा अहिले विभिन्न कोणबाट उठ्ने र त्यसको अध्ययन विश्लेषण हुने प्रवृत्तिमा तीव्रता देखिए पनि यो समस्या आजको होइन, युगौंदेखि चलिआएको हो भन्ने उपन्यासमा देखाइएको छ। प्रभुत्वशाली शासकीय संरचनाका अभिन्न अङ्गभित्र विभिन्न माध्यमबाट वर्गीय विभेद, जातीय उत्पीडन, लैङ्गिक समस्या र वर्चस्वको द्वन्द्वमा हरेक तहको सामाजिक सम्बन्ध रूमलिएको छ। त्यसैले त्यसलाई चिर्दै प्रतिरोधको युगान्तकारी इतिहास कोर्नु आवश्यक देखिन्छ।

यस उपन्यासभित्रको केवल एक पात्र राधेयमा केन्द्रित रहेर विवेचना गर्दा के निष्कर्ष देखिन्छ भने विभेदकारी सामाजिक संरचनात्मक व्यवस्था, अर्थराजनीति, सांस्कृतिक धरातल, परिस्थिति, स्वार्थ र दृष्टिकोणले सीमान्तीय पात्र, वर्ग/समुदायको निर्माण गर्ने भएकाले ती विलुप्तहरूको खोजी गरिनु अत्यावश्क छ। हरेक वर्गीय, जातीय, लैङ्गिक सीमान्तीयभित्र दबिएका त्यस्तो ऐतिहासिक आदर्श चरित्रको पुनरूत्थान पुनर्व्याख्या गरियोस् कि उसका माध्यमबाट युगान्तरसम्म जोडिने सम्बन्धसूत्र र भावी पुस्ताले उत्प्रेरणा प्राप्त गर्ने दरिलो आधार तयार होस्। समग्रमा द्वन्द्वको अवसान उपन्यासको सीमान्तीय अध्ययनको आधारमा प्रमुख पात्र कर्ण सीमान्तीय चरित्र हो भन्ने प्रष्टिन्छ।

## सन्दर्भसामग्री


उप्रेती, सञ्जीव (२०६९). *सिद्धान्तका कुरा.* अक्षर क्रियसन्स.

गिरी, अमर (२०७४). *भूमण्डलीकरण र साहित्य.* भृकुटी एकेडेमिक पब्लिकेसन्स.

गौतम, कृष्ण (२०७१). *उत्तर सिद्धान्त.* भृकुटी एकेडेमिक पब्लिकेसन्स.

चैतन्य (२०७०). समकालीन बुर्जुवा दर्शन र सांस्कृतिक अध्ययन, *भृकुटी सांस्कृतिक अध्ययन विशेषाङ्क.* पृ.३१४-३२५, भृकुटी एकेडेमिक पब्लिकेसन्स.

ज्ञवाली, रामप्रसाद (२०७१). साहित्यमा वर्गीयता र वर्गद्वन्द्वको अभिव्यक्ति प्रक्रिया. भित्र राजेन्द्र सुवेदी (सं.) जुगल सैद्धान्तिक नेपाली समालोचना (पृ. ३५८ -३७६), जुगल पब्लिकेसन प्रा.लि.

त्रिपाठी, बासुदेव (२०६३). मन्तव्य, भित्र राजेश्वर देवकोटा (ले.). *द्वन्द्वको अवसान* (चौथो संस्करण. पृ. ट-ठ), साझा प्रकाशन.

देवकोटा, राजेश्वर (२०६३). *द्वन्द्वको अवसान* (चौथो संस्करण). साझा प्रकाशन.

बराल, ऋषिराज (२०७३). *मार्क्सवाद र सवाल्टर्न अध्ययन.* साझा प्रकाशन.

बराल, कृष्णहरि र एटम, नेत्र (२०५८). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* साझा प्रकाशन.

भट्टराई, रमेशप्रसाद (२०७०). सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू. *भृकुटी सांस्कृतिक अध्ययन विशेषाङ्क.* पृ. ३३४-३६४. भृकुटी एकेडेमिक पब्लिकेसन्स.

शर्मा, मोहनराज (२०७०). अवरजन अध्ययन र साहित्य. *भृकुटी सांस्कृतिक अध्ययन विशेषाङ्क.* पृ.३१४- ३२५. भृकुटी एकेडेमिक पब्लिकेसन्स.

सुवेदी, राजेन्द्र (२०७३). *सांस्कृतिक अध्ययन र नेपाली साहित्य.* पाठ्य सामग्री प्रकाशन.